मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्याः २०८१/०८२
चलानी नं. :

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

मितिः २०८१।०४।२२

# प्रेश विज्ञप्ति

## वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन अपिल

नेपालको अर्थतन्त्र वैदेशिक रोजगारमा नै मुख्यत आधारित रहेको तथ्यांकहरुबाट प्रष्टिन्छ । यो मुलुकको लागि अपरिहार्य जस्तै भएको छ र युवाका लागि पर्याय नै बनेको छ । विगतका वर्षहरुमा वैदेशिक रोजगारमा गएका नेपालीहरुले विभिन्न प्रकारका समस्याहरुबाट गुज्रिनुपरेको यथार्थता हामी सबैको सामुन्ने नै छर्लङ्ग रहेको छ ।

वैदेशिक रोजगारमा जानुभन्दा पहिले ऋणको भारी व्यवस्थित नभएकाले ठगी लगायतका आन्तरिक तथा प्रशासनिक प्रक्रियाबाट गुज्रिनु परिरहेको छ भने अर्कोतिर विदेशमा गएपछि सम्झौता अनुसारको काम नपाउनु, सम्झौता अनुसारको पारिश्रमिक र सुविधा नपाउनु, बेरोजगारी हुनु, नियमकानुनहरुको बोझिलो झन्झटमा पर्नुजस्ता समस्याहरुबाट कष्ट भोग्नु परेको देखिन्छ । यसका साथै परिभाषित कानुनी आधारसहितका जनचेतनाको अभाव हुनुको कारण श्रमिकहरुसँगै परिवारजनहरु समेत समस्याको सामना गर्नुपरिरहेको देखिन्छ ।

यसै क्रममा नेपाली श्रमिकहरुलाई महिनौंदेखि मलेसियामा सम्झौता अनुसारको काम र दाम नपाउनु मात्रै होइन बेरोजगार भई भौतारिरहनु परिरहेको यथार्थताको चित्र विभिन्न मिडियाहरुबाट प्राप्त भएको छ भने यसका सम्बन्धमा विगतदेखि नै आयोगमा उजुरीहरु समेत परेका छन् ।यस समस्याका समाधानार्थ राज्यले श्रमिकहरुलाई वैदेशिक रोजगारमा जानुभन्दा पहिलेका पहिचानिएका समस्याहरु वा चिन्हित समस्याहरुलाई न्युनीकरण गर्दै वैदेशिक रोजगारको क्रममा विदेशमा गएकाहरुको समस्याहरुलाई तत्काल सम्बोधन गर्नुपर्ने देखिन्छ। तसर्थ सम्पूर्ण सरोकारवालाहरुले समस्यालाई तत्काल सम्बोधन गरिदियोस् भन्ने आयोग हार्दिक अपिल गर्दछ ।

..........................
नरेश राज खरेल
सचिव